बैठक संख्याः ११२

मिति २०८३ असार ४ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेकक्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री हरिश चन्द्र जोशी | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:१ नगरसभाको १६ औं अधिवेशनमा पेश गर्न तयार पारिएको वार्षिक नीति तथा कार्यक्रम १० वटै वडा कार्यालयको ईमेल तथा हार्ड कपी सहित पठाई अध्ययन पश्चात राय/सुझाव सहित मिति २०८३/०३/०६ गते दिउसो ३ बजे भित्र नगरपालिकामा पेश गर्न लगाउने निर्णय गरियो।

निर्णय नं:२ दोधारा चाँदनी अस्पताल व्यवस्थापन समिति र नगर शिक्षा समितिले विभिन्न मितिमा गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं:३ यस नगरपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत वडा नं.०१ स्थित ४ लेनको सडकमा स्वागत गेट निर्माण गर्न रु.१३ लाख बजेट विनियोजन भएकोमा उक्त स्थानमा गेट निर्माण गर्न सम्भव नभएको हुदा सो बजेटबाट वडा नं.०१ को पशुपति आ.वि. नजिक र वडा नं.०७ को कंचभोज पक्कि पुल नजिक सडकमा वैधानिक उपभोक्ता समिति मार्फत २ वटा गेट निर्माण गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं:४ यस नगरपालिकाको वडा नं.०७ को संसारीमाई वन नजिकको जमिनमा फोहोर व्यवस्थापन केन्द्र निर्माण गर्नका लागि सम्वन्धित निकायहरु संग आवश्यक छलफल र समन्वय गर्न ०७ नं.वडा कार्यालयलाई जिम्मा दिने र वडा कार्यालयको प्रतिवेदनको आधारमा फोहोर व्यवस्थापन केन्द्र संचालन गर्ने निर्णय गरियो।

निर्णय नं:५ यस नगरपालिकाको वडा नं.०२ स्थित मिनि स्टेडियम निर्माणका लागि सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट रु.२५ लाख वित्तिय हस्तान्तरण भई आएकोमा उक्त बजेटबाट खेलकुद मैदानको घेरपर्खाल गर्न मेसवायर जडान गर्ने भनि २ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुदा कार्यालयबाट सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशलाई मेसवायर जडान गर्न मिल्ने नमिल्ने भनि सोधनी भएकोले सोको जवाफ प्राप्त भएमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं:६ यस नगरपालिकाको आ.व.२०८२/०८३ को चालु खर्च शिर्षक तर्फ देहायका शिर्षकहरुमा देहाय अनुसार संसोधन गर्ने निर्रणय गरियो।

| सि.नं. | बजेट घटाउने शिर्षक | बजेट रकम | बजेट बढाउने शिर्षक | बजेट रकम |
|---|---|---|---|---|
| १ | कर्मचारीको पारिश्रमिक | १८००००० | ईन्धन खर्च | १०००००० |
| २ | घरभाडा | ३००००० | पत्रपत्रिका खर्च | ५००००० |
| ३ | अन्य भत्ता | २००००० | छाडा चौपाया खर्च | ८००००० |
| ४ | बिमा नविकरण | ३००००० | आर्थिक सहयोग | ३००००० |
| | जम्मा | २६००००० | जम्मा | २६००००० |

निर्णय नं:७ दोधारा चाँदनी नगरपालिकाको वडा नं.०९ मा रहेको मुख्यमन्त्री नमुना कृषि गाउँ(मसाला) कृषक समन्वय समितिले मसाला उद्योग संचालन गर्न कृषकहरु असमर्थ रहेको र सो उद्योगको संरक्षण र संचालन गर्न न.पा.लाई हस्तान्तरण गर्ने निर्णय सहित यस कार्यालयमा पेश गरेकोले सो संस्था संचालन गर्ने सम्पूर्ण जिम्मा नगरपालिकाले लिने र हाल सम्मको जिन्सी नगद हिसाब किताब नगरपालिकालाई बुझाउन उक्त समितिलाई लेखि पठाउने निर्णय गरियो।

निर्णय नं:८ यस नगरपालिकाको चालु आ.व.२०८२/०८३ को नगर उप-प्रमुख कार्यक्रम अन्तरगत छोरी जन्मने वित्तिकै खातामा रु.३ हजारका दरले भन्ने शिर्षकमा रु.६१ हजार बचत भएको हुदा उक्त बजेटबाट बोर खरिद गर्ने निर्णय गरियो

निर्णय नं:९ यस नगरपालिका वडा नं.०४ को चालु आ.व.२०८२/०८३ को पशु प्राविधिक परिचालन शिर्षकमा रु.१ लाख बजेट भएको तर कार्यान्वयन हुन नसकेको हुदा उक्त बजेटबाट किसानहरुलाई जिङ्क तथा कल्ला फुटाउने औषधी खरिद गरि ५० प्रतिशत अनुदानमा वितरण गर्ने निर्णय गरियो।

निर्णय नं:१० यस नगरपालिका वडा नं.०५ को चालु आ.व.२०८२/०८३ को दुधे मस्ट मन्दिरको बाल निर्माण शिर्षकमा रु.२५ हजार बजेट भएको तर कार्यान्वयन हुन नसकेको हुदा उक्त बजेटबाट दुधे मस्ट मन्दिरको विविध सामाग्री खरिद गर्ने निर्णय गरियो।

निर्णय नं:११ यस नगरपालिका वडा नं.०९ को चालु आ.व.२०८२/०८३ को अम्बिका मा.वि. फिल्ड भरान शिर्षकमा रु.२ लाख बजेट भएको तर कार्यान्वयन हुन नसकेको हुदा उक्त बजेटबाट अम्बिका मा.वि.को पर्खाल रंगरोगन गर्ने निर्णय गरियो।

निर्णय नं:१२ यस नगरपालिका वडा नं.०७ को चालु आ.व.२०८२/०८३ को कृषि जे.टि.ए.परिचालन खर्च शिर्षकमा मौज्दात रकमबाट खर्च गर्ने गरि कृषि जे.टि.ए.लाई रु.१० हजार पोशाक खर्च उपलब्ध गराउने गरिब जेहेनदार बालबालिका बिद्यार्थीलाई सम्मान तथा प्रोत्साहन सहयोग शिर्षक परिवर्तन गरी विद्यालयको लागि कुर्सी र टेबल खरिद गर्ने निर्णय गरियो।

निर्णय नं:१३ दोधारा चाँदनी नगरपालिका र बिल्ड वन संग भएको सम्झौता अनुसार रु.६ लाख साझेदारी गर्ने निर्णय भएको हुदा सो रकमले अपुग भएकोले थप रु.३३२९३८ माग गरेकोमा प्राविधिकको प्रतिवेदनबाट एकिन गराई लागत साझेदारी कोषबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं:१४ यस नगरपालिका अन्तरगत विभिन्न वडाहरुमा संचालनमा रहेका पूर्वाधार, सामाजिक क्षेत्र, कृषि क्षेत्र, पशु विकास क्षेत्र लगायतका विविध क्षेत्रका ६७ वटा योजनाहरु फरफारकका लागि पेश भएका हुदा नियमानुसार फरफारक गर्ने निर्णय गरियो।

निर्णय नं:१५ यस दोधारा चाँदनी नगरपालिका अन्तरगत रहेका देहायका समितिहरुका वार्षिक प्रतिवेदनहरु स्वीकृतका लागि नगरसभाको १६ औं अधिवेशनमा सिफारिस सहित पेश गर्ने निर्णय गरियो।

१. न्यायिक समिति
२. विधायन समिति
३. लेखा समिति
४. खेलकुद समिति
५. नगर दलित समन्वय समिति
६. अन्य विषयगत समितिहरु